## अनुसूची २

(दफा ५ तथा अनसूची - १ को भाग - १ सँग सम्बन्धित)

# स्थानीय राजपत्र

## सिगास गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः ९ मितिः असार ११ गते, २०७५ साल

## भाग - १

## सिगास गाउँपालिकाको आर्थिक ऐन, २०७५

(स्वीकृत मिति : २०७५।०३।०९)

# <u>सिगास गाउँपालिको आर्थिक ऐन, २०७५</u>

## सिगास गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**<u>प्रस्तावना</u>**

सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सिगास गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि सिगास गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **परिभाषाः** विषय तथा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "ऐन" भन्नाले सिगास गाउँपालिकाको आर्थिक ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सिगास कार्यपालिका सम्झनु पर्छ ।

(ग) "गाँउपालिका" भन्नाले सिगास गाँउपालिका सम्झनु पर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानूनबमोजिम दर्ता भएवा नभएको जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) “व्यक्ति” भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ ।

(च) “सभा” भन्नाले सिगास गाउँपालिकाको सभा सम्झनु पर्छ ।

(छ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

४. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

५. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

६. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

७. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (८) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (९) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (१०) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटनशुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची (१२) मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## अनुसूची-१
## (दफा ३ सँग सम्वन्धित)
## एकिकृत सम्पति कर/घरजग्गा करका दरहरु

| क्र.सं. | करका क्षेत्र/विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची-२
## (दफा ४ सँग सम्वन्धित)
## भुमि मालपोत दरहरु

| क्र.सं. | जग्गाको क्षेत्रफल/विवरण | दर |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची-३
## (दफा ५ सँग सम्वन्धित)
## घरबहाल करका दरहरु

| क्र.सं. | घरबहाल कर/विवरण | दर |
|---|---|---|
| १. | घरबहाल कर | १०% |

# अनुसूची-४
## (दफा ६ सँग सम्वन्धित)
## व्यवसाय करका दरहरु

| क्र.सं. | व्यवसायको बिबरण | दर्ता शुल्क | नबिकरण |
|---|---|---|---|
| १. | चिया नास्ता पसल | रु.१,०००।- | रु.५००।- |
| २. | किराना पसल (खोका, छाप्रा) | रु.१,०००।- | रु.५००।- |
| ३. | दैनिक उपभोग्य पसल | रु.१,५००।- | रु.१,०००।- |
| ४. | तरकारी फलफुल पसल | रु.५००।- | रु.२५०।- |
| ५. | सिलाई सेन्टर पसल | रु.१,०००।- | रु.५००।- |
| ६. | कपडा पसल (तयारी नभएको) | रु.२,०००।- | रु.१,०००।- |
| ७. | कपडा पसल (तयारी भएको) | रु.२,०००।- | रु.१,०००।- |
| ८. | श्रीङ्गार पसल | रु.१,५००।- | रु.१,०००।- |
| ९. | भाडा पसल | रु.२,०००।- | रु.१,०००।- |
| १०. | इलेक्ट्रोनिक पसल | रु.२,०००।- | रु.१,०००।- |
| ११. | स्टेशनरी पसल | रु.२,०००।- | रु.१,०००।- |
| १२. | मोबाईल पसल | रु.२,०००।- | रु.१,०००।- |
| १३. | कम्प्युटर सेन्टर | रु.१,०००।- | रु.५००।- |
| १४. | सुनचाँदी पसल | रु.२,०००।- | रु.१,०००।- |
| १५. | हार्डवयर एण्ड सप्लायर्स | रु.२,५००।- | रु.१,५००।- |
| १६. | कपाल काट्ने पसल | रु.५००।- | रु.२५०।- |
| १७. | ब्युटिपार्लर पसल | रु.५००।- | रु.२५०।- |
| १८. | बधसाला पसल | रु.२,०००।- | रु.१,०००।- |
| १९. | फोटो ग्राफी पसल | रु.१,०००।- | रु.५००।- |
| २०. | भाडा कुडा (धातुजन्य) पसल | रु.१,०००।- | रु.५००।- |
| २१. | कुटानि पिसानि पेलानी | रु.२,०००।- | रु.१,०००।- |
| २२. | पानीबाट चल्ने घट्ट | रु.१,०००।- | रु.५००।- |
| २३. | माछा बिकी पसल | रु.१,०००।- | रु.५००।- |
| २४. | सुर्तीजन्य पसल | रु.२,५००।- | रु.१,५००।- |

| | | | |
|---|---|---|---|
| २५. | औषधिजन्य पसल | रु.२,०००।- | रु.१,०००।- |
| २६. | कृषि एग्रोभेट पसल | रु.१,०००।- | रु.५००।- |
| २७. | ल्याव पसल | रु.१,०००।- | रु.५००।- |
| २८. | माईक्रोहाइड्रो | रु.३,०००।- | रु.१,५००।- |
| २९. | एफ.एम. सञ्चालन | रु.५०,०००।- | रु.२५,५००।- |
| ३०. | फिरन्ते पसल | रु.५००।- | |

**अनुसूची-५**
**(दफा ७ सँग सम्वन्धित)**
**जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु**

| **क्र.सं.** | **व्यवसायको बिबरण** | **निकासी कर** |
|---|---|---|
| १. | खोटो/प्रति केजि | रु.२।- |
| २. | अमला/किलो | रु.५।- |
| ३. | हर्रो/बर्रो " | रु.५।- |
| ४. | रिठा " " | रु.२।- |
| ५. | सिस्नो " | रु.५।- |
| ६. | सिमजडि " | रु.१०।- |
| ७. | दाल चिनि पत्ता " | रु.१०।- |
| ८. | ओखर " | रु.२०।- |
| ९. | सतुवा | रु.१५।- |
| १०. | केरा प्रति दर्जन | रु.५।- |
| ११. | सन्तला प्रति के.जी. | रु.५।- |
| १२. | आमिलो प्रति के.जी. प्रतिलिटर रु.१५।- | रु.५।- |
| १३. | टिमुर | रु.२०।- |
| १४. | भिणेति | रु.१।- |
| १५. | कवाडि समान | रु.१।- |

| | | |
|---|---|---|
| १६. | खसि वाखा प्रति वटा | रु.५०।- |
| १७. | रागा भैसि | रु.१,०००।- |
| १८. | गोरु प्रति हल | रु.५००।- |
| १९. | बंगुर प्रति बंगुर | रु.१००।- |
| २०. | हास कुखुरा प्रति | रु.१०।- |
| २१. | घ्यु/केजि | रु.१०।- |
| २२. | बेल/केजि | रु.२।- |
| २३. | मह प्रति केजि | रु.५।- |
| २४. | दलहन “ | रु.५।- |
| २५. | खच्चर व्यवसाय प्रति खच्चर | रु.५००।- |
| २६. | सिलेट खानी बार्षिक | रु.५,०००।- |
| २७. | बालुवा सार्बजनिक ठाउमा प्रति कट्ठा | रु.५।- |
| २८. | गिट्टी सार्बजनिक ठाउमा प्रति कट्ठा | रु.५।- |
| २९. | दहतर बहतर | रु.२।- |
| ३०. | माछामार्ने जाल दर्ता बार्षिक | रु.५००।- |

## अनुसूची-६
## (दफा ८ सँग सम्वन्धित)
## सवारी साधन करका दरहरु

| क्र.सं. | सवारी साधनको विवरण | दर |
|---|---|---|
| १. | जिप बार्षिक प्रति गाडी | रु.२,०००।- |
| २. | मिनि टाटा ट्रक बार्षिक | रु.२,०००।- |
| ३. | एल. पि. ट्रक बार्षिक | रु.१,०००।- |
| ४. | पट्के सवारी साधान (चार चके) | रु.५०।- |
| ५. | पट्के सवारी साधान (छ चके) | रु.२।- |

## अनुसूची-७
## (दफा ९ सँग सम्वन्धित)
## मनोरञ्जन कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | महोत्सव | रु.१,०००।- |

## अनुसूची-८
## (दफा १० सँग सम्वन्धित)
## बहाल विटौरी कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | हाटबजार (मेला) कर प्रति पसल | रु.१००।- |

## अनुसूची-९
## (दफा ११ सँग सम्वन्धित)
## पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | सवारी साधन प्रति दिन | रु.५०।- |

## अनुसूची-१०
## (दफा १२ सँग सम्वन्धित)
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जि जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | र्‍याफटीङ्ग शूल्क | रु.१००।- |

**अनुसूची-११**
**(दफा १३ सँग सम्वन्धित)**
**सेवा शुल्क, दस्तुर**

| क्र.सं. | व्यवसायको बिबरण | निकासी कर |
|---|---|---|
| १. | सर्जमिन मुचुल्का | रु.३००।- |
| २. | हल भाडा प्रति दिन | रु.५००।- |
| ३. | प्रोफाईऊ बिकी | रु.१,०००।- |
| ४. | बुफर भाडा | रु.५००।- |
| ५. | प्रोजेक्टर भाडा | रु.१,०००।- |
| ६. | मिलापत्र दुबैपक्ष (रु.१,०००/रु.१,०००) | रु.२,०००।- |
| ७. | सिफारिस शुल्क रु | रु.१००।- |
| ८. | नागरिगता सिफारिस | रु.१००।- |
| ९. | नागरिगता प्रतिलिपी सिफारिस शुल्क | रु.१५०।- |
| १०. | नाता प्रमाणित | रु.१५०।- |
| ११. | अंशियार प्रमाणित सिफारिस | रु.२००।- |
| १२. | भोग चलन | रु.१००।- |
| १३. | संघ संस्था नबिकरण | रु.१,०००।- |
| १४. | संघ संस्था सिफारिस | रु.२,०००।- |
| १५. | कृषि पसु व्यवसाय सिफारिस | रु.३००।- |
| १६. | बिद्यालय अनुमति सिफारिस | रु.५००।- |
| १७. | घरबाटो सिफारिस | रु.३००।- |
| १८. | घर कायाम भएको नभएको सिफारिस | रु.२००।- |
| १९. | ब्यापार संचालन भएको नभएको सिफारिस | रु.२००।- |
| २०. | बन्दुक नबिकरण | रु.६००।- |
| २१. | चार किल्ला प्रमाणित | रु.५००।- |
| २२. | अन्य निकायमा सिफारिस | रु.५००।- |
| २३. | सम्पति मुल्याङ्कन स्वदेशि प्रयोजनका लागि प्रतीहजारमा | रु.०.५०।- |

| | | |
|---|---|---|
| २४. | सम्पति मुल्याङकन  बिदेशी प्रयोजनका लागि प्रतीहजारमा | रु.१।- |
| २५. | समूहदर्ता सिफारिस | रु.३००।- |
| २६. | घरको नक्सा पास भवन निर्माण आचार संहिता २०७२ बमोजिम न्युनतम मापदण्ड पुरा गरेका घरहरुको सम्बन्धमा प्रति बर्ग फिट बनिसकेको घर | रु.०।५० |
| २७. | निर्माणधिन घरको सम्बन्धमा प्रति बर्ग फिट | रु०।२५ |
| २८. | अब बनाउने घर प्रति फिट | रु०।२०।- |

## अनुसूची-१२
## (दफा १४ सँग सम्वन्धित)
## पर्यटन शुल्क

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १. | स्वदेशी | रु.५०।- |
| २. | विदेशी | रु.१००।- |

**आज्ञाले,**
**गणेशलाल महर्जन**
**प्रमुख प्रशासकीय अधिकृत**